नेपाल सरकार
वन तथा भु–संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग
बाँके - बर्दिया कम्प्लेक्समा
राष्ट्रिय बाघ गणना २०१८ सम्वन्धि प्रेश बिज्ञप्ति

नेपाल सरकार (सचिव स्तर) को मिती २०७४/०६/२९ को निर्णय अनुसार नेपालमा राष्ट्रिय बाघ गणना २०१८ संचालन भइरहेको छ । नेपालमा पाटे बाघ पाइने क्षेत्रफललाइ चितवन-पर्सा कम्प्लेक्स, बाँके बर्दिया कम्प्लेक्स र शुक्ला लालझाडी–जोगबुढा कम्प्लेक्स गरी मुख्य तीन खण्डमा बिभाजन गरि बाघ गणना तथा बाघको आहारा प्रजातिको अवस्था अध्ययन गर्ने काम चितवन-पर्सा कम्प्लेक्समा भइरहेको छ ।

बाँके-बर्दिया कम्प्लेक्स अन्तर्गत बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र, खाता र कर्णाली जैविक मार्ग तथा आसपासको क्षेत्र,बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ति क्षेत्र,कम्दी जैविक मार्ग लगायत आसपासको बाघ पाइने क्षेत्र लाइ ३ ब्लकमा बिभाजन गरी क्यामरा ट्रापिङ्ग प्रविधिबाट बाघ गणना गर्ने योजना बनाइएको छ । बाघ अनुगमन कार्यलाइ व्यवस्थित र प्रभावकारी बनाउनका लागि प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा नेपाली सेना,जिल्ला वन कार्यालयका प्रतिनिधि,साझेदार संस्थाका प्रतिनिधिहरु समेत रहेको स्थानिय कार्यान्वयन कार्यदल गठन गरिएको छ ।

बाँके-बर्दिया कम्प्लेक्समा पर्ने जम्मा ६८६ ग्रिड र २४१ वटा लाईन ट्रान्सेक्टमा **Tiger and prey Base Monitoring Protocol 2017** मा निर्दिष्ट व्यवस्था अनुसार **Camera Trapping, Line transect** र **Occupancy Survey** बिधि अपनाइ बाघ तथा आहारा प्रजातिको गणना गरिने छ । मिति २०७४ पौष १ देखी सुरु भइ २०७४ फल्गुन १ मा सम्पन्न गरिने बाघ अनुगमन कार्यमा बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज तथा जिल्ला वन कार्यालय बाँके, दाङ, कैलाली र बर्दियाका कर्मचारी,नेपाली सेना,चोरी सिकार नियन्त्रण युवा परिचालन अभियानका सदस्य, राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारी र विभिन्न विश्वविद्यालयका विद्यार्थी र स्वंमसेवक लगायत दैनिक ११३ जनाका दरले जम्मा ६,७८० मान्छे दिन गणक संलग्न रहने छन ।

बाघ अनुगमनमा खटिने गणकलाइ मिति २०७४/०८/२८ र २९ गते बर्दिया राष्ट्रिय निकुञ्जमा प्रयोगात्मक अभ्यास सहितको तालिम प्रदान गरिएको छ । यस कार्यमा बाघको फोटो खिच्नका लागि स्वचालित क्यामरा, सन्टो कम्पास, रेञ्ज फाइण्ड र जि.पि.एस. लगायतका उपकरण तथा रेकर्ड फर्म प्रयोग गरिनेछ ।

नेपालमा सन १९९५।९६ मा वयस्क बाघको संख्या ९३-९७ रहेकोमा सन् २००९ मा यो संख्या बढेर १२१ पुगेको र सन् २०१३ को राष्ट्रिय गणना अनुसार वयस्क बाघको संख्या १९८ रहेको छ । बाघ गणनाको नतिजाबाट बाघको संख्या र अवस्था थाहा पाई सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको बाघ सम्वन्धि अन्तराष्ट्रिय सम्मेलनमा नेपालले सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर (२५० वटा वयस्क) पुर्याउने प्रतिवतद्धता गरे अनुरुपको उद्देश्य पुरा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । बाघ अनुगमन कार्यमा **WWF Nepal** कार्यकम, **ZSL Nepal**, राष्ट्रिय प्रकृति संरक्षण कोषको प्रविधिक तथा आर्थिक सहयोग रहेको छ ।

बाघको फोटो खिच्नका लागि निकुञ्ज बाहिर रहेको मध्यवर्ति क्षेत्र,जैविकमार्ग र आसपासका वन क्षेत्रमा समेत राखिएका क्यामरा चोरी हुने हराउने र मानिसले चलाएर विगारीदिने जस्ता समस्या रही आएका छन । यसरी राखिएका क्यामराको सुरक्षाका साथै राष्ट्रिय बाघ गणना २०१८ लाइ सफल बनाउनका लागि सदा झै प्रहरी प्रशासन ,नेपाली सेना,संचारकर्मी,शिक्षक विध्यार्थी एवं मध्यवर्ति क्षेत्रका उपभोक्ता समुह, समिति, पर्यटन व्यवसायी लगायत सवै संरक्षणकर्मी जनसमुदायबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ ।

अशोक भण्डारी
निमित्त प्रमुख संरक्षण अधिकृत
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

डिल बहादुर पुर्जा पुन
प्रमुख संरक्षण अधिकृत
बाँके राष्ट्रिय निकुञ्ज कार्यालय

मिति २०७४/०९/०१